बागमती प्रदेश सभा
दोस्रो कार्यकाल
छैठौं अधिवेशन
बैठक संख्याः ८
सूचना पत्र -२
(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ १९ गते,सोमबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १२:३८ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य र विशेष समय नरहने व्यहोरा जानकारी गराउनु भयो

तत्पश्चात माननीय सभामुखले प्रदेश सभा नियमावली, २०७४ को नियम १५० को उपनियम (१) बमोजिम अर्थ तथा विकास समितिमा रहनु भएको माननीय उर्मिला नेपाललाई उद्योग, पर्यटन तथा वातावरण समितिमा गर्नु भएको हेरफेरलाई सहमती जनाउन गर्नुभएको अनुरोधलाई सभाले सहमती जनाएको घोषणा गर्नुभयो ।

त्यसपछि प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न माननीय उद्योग, वाणिज्य, भुमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई अनुमति दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले पारित भयो ।

त्यसपछि माननीय सभामुखले **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक,२०८१** को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि भएको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभई उठाउनु भएको प्रश्नको जवाफ उद्योग, वाणिज्य, भुमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले दिनुभयो ।

१. माननीय रामकृष्ण चित्रकार
२. माननीय रत्न प्रसाद ढकाल

तत्पश्चात माननीय सभामुखले **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१** सम्बन्धि समितिको प्रतिवेदन समितिको विधेयकको अगं बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि माननीय सभामुखले **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८१** को दफा २ देखी २५ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुभएको प्रस्तावलाई सभाबाट सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँदै निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्व सम्मतीबाट पारित भयो ।

तत्पश्चात माननीय सभामुखले माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८२** लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि माननीय सभामुखले **प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१** को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङले पेश गर्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१** को सम्बन्धमा उद्योग, पर्यटन तथा वातावरण समितिको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनु भयो।

त्यसपछि उक्त प्रतिवेदनको छलफलमा कुनैपनि माननीय सदस्यहरुले भाग नलिनुभएको हुँदा माननीय सभामुखले उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभावाट सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१** को दफा २ देखि ४ सम्मका दफाहरू विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो।

त्यसपछि माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो र उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सभाबाट सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री श्री शुकमाया तामाङलाई **प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८२** लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतीले पारित भयो।

त्यसपछि माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङलाई **प्रदेश प्रमुख महोदयले मिति २०८२ जेष्ठ १४ गते बुधबार बागमती प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/०८३ को बागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस** भन्ने प्रस्ताव पेस गर्न अनुमति दिनुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतीले स्वीकृत भयो।

त्यसपछि भएको उक्त छलफलमा निम्न बमोजिमका माननीय सदस्यहरुले भाग लिनुभयोः-

१.माननीय शालिकराम जम्मकट्टेल

२. माननीय रामकृष्ण चित्रकार

३. माननीय तारानारायण श्रेष्ठ

४. माननीय जयराम थापा

५. माननीय इन्द्र प्रसाद गोतामे

६. माननीय गंगा नारायण श्रेष्ठ

७. माननीय उर्मिला नेपाल

८. माननीय उर्मिला सुनुवार

९. माननीय युवराज दुलाल

१०. माननीय शान्ता ढकाल

११. माननीय उद्धव थापा

१२. माननीय भारती कुमारी पाठक

१३. माननीय राजेन्द्र प्रजापति

१४. माननीय कृष्ण प्रसाद शर्मा खनाल

१५. माननीय मायादेवी शर्मा

१६. माननीय भरत बहादुर के.सी

१७. माननीय गिर बहादुर तामाङ

१८. माननीय सुना परियार

१९. माननीय ॐ कुमारी श्रेष्ठ

२०. माननीय हरि प्रसाद सापकोटा

तत्पश्चात माननीय सभामुखले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको बाँकी छलफल मिति २०८२ साल जेठ २० गते मङ्गलबार बस्ने बैठकमा हुने व्यहोरा जानकारी गराउँनु भयो ।

तदन्तर सभाको अर्को बैठक मिति २०८२ साल जेठ २० गत्ते मङ्गलबार दिनको १:०० बजे बस्ने गरी यो बैठक दिनको ५:०३ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव